# नेपाल हाइड्रो डेभलोपर लिमिटेडको
# १७औं वार्षिक साधारणसभाको विवरण (माइन्यूट)

नेपाल हाइड्रो डेभलोपर लिमिटेडको १७औं वार्षिक साधारण सभा यस कम्पनीको सञ्चालक तथा सभाका अध्यक्ष श्री बुद्ध काजी श्रेष्ठज्यूको सभापतित्वमा निम्न स्थान, मिति र समयमा देहाय बमोजिम सम्पन्न भयो ।

## १. सभाको मिति, स्थान र समय :

मिति : २०८० साल पौष १२ गते बिहिबार (तद्नुसार डिसेम्बर २८, २०२३)
स्थान : लिसारा रिसेप्सन्स, नक्साल, काठमाण्डौ ।
समय : दिउँसो ११:०० बजे देखि अपरान्ह १२:३० बजे सम्म

## २. उपस्थितिः

### क. सभामा उपस्थित सञ्चालकहरु

| | | | | |
|---|---|---|---|---|
| १. | श्री कुमुद कुमार दुगड | - | अध्यक्ष | अनुपस्थित |
| २. | श्री बुद्ध काजि श्रेष्ठ | - | सञ्चालक तथा सभाको अध्यक्ष | |
| ३. | श्री अनन्त मुरारका | - | सञ्चालक | |
| ४. | श्रीमति पुजा अटल | - | सञ्चालक | |
| ५. | श्री भोला श्रेष्ठ | - | स्वतन्त्र सञ्चालक | |

### ख. अन्य पदाधिकारीहरु

| | | | |
|---|---|---|---|
| १. | श्री शेष कुमार ढुंगाना | - | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| २. | श्री बद्री प्रसाद सापकोटा | - | लेखा तथा प्रशासन प्रमुख |

### ग. सम्बन्धित निकायका प्रतिनिधिहरु

| | | | |
|---|---|---|---|
| १. | श्री कमल नेपाल | - | एनएमबी क्यापिटल लिमिटेड |

### घ. शेयरधनीको उपस्थितिः

| शेयरधनीले ग्रहण गरेको शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | १३८ | ५४.८७ |
| ३३,५९,२६५ | १८,४३,२१२ | ७४ | ६४ | | |

## ३. सभाको सभापतित्व :

Nepal Hydro Developer Limited
2006
Kathmandu

सञ्चालक समितिका अध्यक्ष श्री कुमुद कुमार दुगडज्यू स्वस्थ्य उपचारको लागि विदेश जानुभएकोले १७ औं वार्षिक साधारण सभामा वहाँ उपस्थित हुन नसक्ने व्यहोरा सभा समक्ष प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिवले जानकारी गराउनुका साथै निजको अनुपस्थितिमा कम्पनी ऐन २०६३ को दफा ७४ उपदफा (१) एवम् कम्पनीको नियमावलीको नियम १९ को उपनियम (२) बमोजिम सञ्चालक श्री बुद्ध काजी श्रेष्ठज्यूलाई १७ औं वार्षिक साधारण सभाको अध्यक्षता गरी दिनु हुन आग्रह गर्नु भयो । तत्पश्चात १७ औं वार्षिक साधारण सभाको सभापतित्व (अध्यक्षता) सञ्चालक श्री बुद्ध काजी श्रेष्ठज्यूले गर्नु भयो ।

## ४. गणपूरक संख्या :

यस कम्पनीको सञ्चालक समितिको वि.सं. २०८० साल मंसिर १५ गते (ई.सं. ०१ डिसेम्बर २०२३) शुक्रबार बसेको ८२औं बैठकको निर्णय अनुसार कम्पनीको १७औं वार्षिक साधारणसभाको सूचना वि.सं. २०८० साल मंसिर महिना १७ गतेको कारोबार राष्ट्रिय दैनिक र २०८० साल पौष महिना ०१ गते पुन: कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सभाबारे जानकारी गराईएको थियो । यसका साथै शेयरधनीहरुको यस कम्पनीमा उपलब्ध अभिलेख ठेगानामा समेत जानकारी पठाईएको थियो । कम्पनी ऐन, २०६३ बमोजिम सभा सञ्चालनको लागि गणपूरक संख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी हुनु पर्ने व्यवस्था रहेकोमा कुल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ५४.८७ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले साधारण सभा सञ्चालनका लागि तथा विशेष प्रस्तावहरु पारित गर्न आवश्यक गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको व्यहोरा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

## ५. सभाको वैधानिकता :

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिईएको तथा सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरुपको गणपूरक संख्या समेत पुगेको देखिएको हुँदा सभा सञ्चालन गर्न कानून बमोजिम रित पुगी सभाले वैधानिकता पाएको व्यहोराको जानकारी प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिवले सभालाई अवगत गराए पश्चात उपस्थित शेयरधनीहरुको सहमतिमा सभाको अध्यक्षज्यूको अनुमतिले सभा शुरु भई निर्धारित विषयसूची उपर छलफल प्रारम्भ भयो ।

## ६. छलफलका विषयहरु :

क. सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) छलफल गरी पारित गर्ने ।

Nepal Hydro Developer Limited 2006 Kathmandu

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीषक श्री अर्याल एण्ड अर्याल चार्टड एकाउन्टेन्ट्स पूनः नियूक्तिको लागि योगय रहेको)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ३३,५९,२६,५००/- को ०.३७ प्रतिशतका दरले हुन आउने रु. १२,३७,६२३/९५ बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको ७ प्रतिशतका दरले हुन आउने रु. २,३५,१४,८५५/- बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. बोनश शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने तथा सोही अनुरुप प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

३. सञ्चालकहरुको बैठक भत्ता परिमार्जन गर्ने ।

४. बोनश शेयर जारी गर्ने लगायतका कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायका निर्देशन बमोजिम कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा थप संशोधन गर्नु पर्ने भएमा गर्ने वा अन्य आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध :**

## ७. सभाको प्रारम्भः

वि.सं. २०८० साल मंसिर १५ गते सम्पन्न सञ्चालक समितिको ८२ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम तल उल्लेखित विषयहरु १७औं वार्षिक साधारण सभामा छलफल एवं निर्णयको लागि पेश गरिएको व्यहोरा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री शेष कुमार ढुंगानाले जानकारी गराउनु भयो ।

## ८. प्रतिवेदन प्रस्तुत :

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री बुद्ध काजी श्रेष्ठज्यूले सभामा स्वयम तथा प्रोक्सी माध्मबाट उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै आ.व.२०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धीत अनुसूचीहरु सहितको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ९. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरु

प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु क्रमशः श्री डम्मरु वल्लभ घिमिर, श्री शत्रुधन श्रेष्ठ र श्री इन्द्र कृष्ण श्रेष्ठज्यूले राख्नु भएका आफ्ना मन्तव्य तथा सुझावहरु समष्टिगतरुपमा देहाए बमोजम रहेको छ ।



Nepal Hydro Developer Limited 2006 * Kathmandu *

विगत वर्षहरुको तुलनामा आर्थिक वर्ष २०७९/०८० मा कम्पनीले मुनाफामा वृद्धि गरी शेयरधनीहरुलाई ७ प्रतिशत बोनस शेयर वितरणको प्रस्ताव साधारण सभा समक्ष पेश गरेकोमा धन्यबाद दिदै आगामी वर्षहरुमा पनि शेयधनीहरुलाई दिने प्रतिफलमा वृद्धि हुँदै जानेमा आफुहरु विश्वश्त रहेको धारणा राख्नु भयो । यसका साथै कम्पनीले हकप्रद शेयर जारी गरी अन्य जल विद्युत आयोजनामा लगानी गर्न सकेमा तथा बैंकको ऋण चुक्ता गर्न सकेमा कम्पनीले निकट भविष्यमा मुनाफामा अझै बृद्धि गदै शेयरधनीहरुलाई वितरण गरिने लाभांशमा पनि थप वृद्धि हुँदै जाने सुझाव समेत व्यक्त गर्नु भयो । यस अतिरिक्त सञ्चालकहरुको बैठक भत्ता सम्बन्धमा तीन महले बनाई प्रस्तुत गरेमा राम्रो हुने थियो भनि सुझाव राख्नु भयो ।

## १०. शेयरधनीको मन्तव्य तथा सुझाव उपर अध्यक्षज्यूको जवाफः

शेयरधनीज्यूहरुले आफ्नो मन्तव्य तथा सुझाव राख्ने कार्य समाप्त भए पछि सभाका अध्यक्षज्यूले कम्पनीले आगामी वर्षहरुमा उपयूक्त आयोजनाको पहिचान गरी त्यस्ता आयोजनाहरुमा लगानी गरिने योजना रहेको साथै यसको लागि आवश्यक परे हकप्रद शेयर समेत जारी गर्न सकिने व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो । यसका साथै कम्पनीले उपभोग गरीराखेको दिर्घकालिन कर्जा २०८२ पौष मसान्तसम्म चुक्ता गरीसक्ने योजना रहेको व्यहोरा जानकारी गराउनु भयो । साथै सभा समक्ष आफ्नो राय तथा मन्तब्य राख्नु भएकोमा शेयरधनीज्यूहरुलाई धन्यबाद व्यक्त गर्नु भयो ।

## ११. सभाबाट भएका निर्णयहरु :

साधारण सभामा पेश गरिएका निम्न सामान्य तथा विशेष प्रस्तावहरु उपर छलफल गरी सो उपर निम्नानुसार निर्णय भयो ।

क. **सामान्य प्रस्तावहरु :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०७९/०८० को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सञ्चालक समितिका तर्फबाट सभाका अध्यक्ष श्री बुद्ध काजी श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको १७औं बार्षिक प्रतिवेदन सभामा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वार्षिक वित्तीय विवरण ( वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/०८० को वार्षिक वित्तीय विवरण ( वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) सभामा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

Nepal Hydro Developer Limited 2006 * Kathmandu *

३. **लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने। (वर्तमान लेखापरीक्षक श्री अर्याल एण्ड अर्याल चार्टड एकाउन्टेन्ट्स पूनः नियूक्तिको लागि योग्य रहेको)**

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री **Aryal & Aryal, Charterted Accountants** लाई आ.व. २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक मूल्य अभिबृद्धि कर बाहेक रु.१,२५,०००।- (अक्षरेपी एक लाख पच्चीस हजार मात्र) प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ३३,५९,२६,५००/- को ०.३७ प्रतिशतका दरले हुन आउने रु. १२,३७,६२३/९५ बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजी रु. ३३,५९,२६,५००/- को ०.३७ प्रतिशतका दरले हुन आउने रु. १२,३७,६२३/९५ बराबरको नगद लाभांश (बोनश शेयरको कर प्रयोजनार्थ) वितरणको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो।

**ख. विशेष प्रस्तावहरु :**

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको ७ प्रतिशतका दरले हुन आउने रु. २,३५,१४,८५५/- बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको ७ प्रतिशतका दरले हुन आउने २,३५,१४,८५५/- बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

२. **बोनश शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने तथा सोही अनुरुप प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने।**

कम्पनीको जारी तथा चुक्ता पुँजीलाई निम्नानूसार वृद्धि गरी प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट परित गरियो।

दफा ६ (ख): कम्पनीको जारी पूँजी रु. ३५,९४,४१,३५५।– (पैंतीस करोड चौरानब्बे लाख एकचालीस हजार तीन सय पचपन्न मात्र) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ३५,९४,४१३.५५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

दफा ६ (ग): कम्पनीको चुक्ता पूँजी रु. ३५,९४,४१,३५५।–(पैंतीस करोड चौरानब्बे लाख एकचालीस हजार तीन सय पचपन्न) मात्र हुनेछ। सो पुँजीलाई प्रति शेयर रु. १००।- का दरले ३५,९४,४१३.५५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

३. **सञ्चालकहरुको बैठक भत्ता परिमार्जन गर्ने।**

Nepal Hydro Developer Limited 2006 Kathmandu

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका अध्यक्ष तथा अन्य सञ्चालकहरुले सञ्चालक समिति तथा सञ्चालक स्तरीयको बैठकमा उपस्थित भए वापत सञ्चालक समितिको अध्यक्षको हकमा रु. ५,०००।- तथा अन्य सञ्चालकको हकमा रु. ४,०००।- बैठक भत्ता निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. **बोनश शेयर जारी गर्ने लगायतका कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायका निर्देशन बमोजिम कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा थप संशोधन गर्नु पर्ने भएमा गर्न वा अन्य आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

कम्पनीको बोनश शेयर जारी गर्ने लगायतका कार्य गर्दा तथा प्रबन्धपत्रमा भएको संशोधनको स्वीकृति लिदा वा अभिलेख गर्दा गराउँदा प्रस्तावित संशोधनहरुमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक थप संशोधन/फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**ग. विविध :**

१७औं वार्षिक साधारण सभाको सम्पूर्ण प्रस्तावहरुको प्रस्तुति तथा सो उपर छलफल भई निर्णय भए पश्चात छलफलको लागि अन्य कुनै विषय बाँकी नभएको जानकारी सभालाई गराईयो ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

अन्तमा, शेयरधनी महानुभावहरुको सहभागीतामा १७औं बार्षिक साधारणसभा प्रभावकारी ढंङ्गबाट सफलताका साथ सम्पन्न भएकोमा सञ्चालक समिति, लेखापरिक्षण समिति, सम्बन्धित निकायका पदाधिकारी, व्यवस्थापन तथा कर्मचारी वर्ग सबैलाई यस सभामा आ-आफना ठाँउबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नु हुँदै आगामी दिनमा पनि कम्पनीको कारोवार, सञ्चालन एवम् प्रगतिका लागि सबैबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राख्दै हौसलापूर्ण उपस्थितिका लागि शेयरधनी एवम् सम्पूर्ण महानुभावहरुमा पुनः अभिनन्दन गर्नु हुँदै १७औं बार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गरी सभाका अध्यक्षज्युले सभा बिसर्जन गर्नु भयो ।

..............................
शेष कुमार ढुङ्गाना
प्रमुख कार्यकारी अधिकृत
तथा
कम्पनी सचिव

..............................
बुद्ध काजी श्रेष्ठ
सञ्चालक तथा सभाका अध्यक्ष

Nepal Hydro Developer Limited
2006
Kathmandu